# लुम्बिनी प्रदेश, प्रदेश समन्वय परिषद्को आठौं बैठकका निर्णय

मिति २०८३/०२/०७

१. प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजनामा हुनसक्ने दोहोरोपना हटाउन प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाको क्षेत्र, लागत सीमा निर्धारण तथा साझेदारी आयोजनाको हकमा लागतको हिस्सा लगायतका विषयहरु समेटी प्रदेश योजना आयोग मार्फत योजना निर्माण तथा व्यवस्थापन कार्यविधिको मस्यौदा गरी प्रदेश सरकारको स्वीकृतिमा कार्यान्वयनमा ल्याउने।

२. पूर्वतयारी सम्पन्न भएका प्राथमिकता प्राप्त आयोजनाहरुमा बजेटको अभाव हुन नदिन तथा आयोजना व्यवस्थापन प्रणालीलाई सरल, व्यवस्थित, परिणामुखी र पारदर्शी बनाउन प्रदेश र स्थानीय तहले बजेट विनियोजन गर्दा आयोजना बैंकमा प्रविष्टि भएका आयोजनाहरुमा बजेट विनियोजन हुने व्यवस्था मिलाउने। प्रदेश सरकार मार्फत कार्यान्वयन हुने विशेष र समपुरक योजनाहरु समेत आयोजना बैंकमा प्रविष्टि गरी प्राथमिकताको आधारमा कार्यान्वयन गर्दै लैजाने।

३. प्रदेश र स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्य गर्दा राष्ट्रिय मापदण्ड, प्रादेशिक मार्गदर्शन र प्रदेश तथा स्थानीय तहको आवश्यकता समेतलाई दृष्टिगत गरी साविकको संगठन संरचना तथा दरबन्दी पुनरावलोकन गर्ने ।

४. स्थानीय तहहरुबाट प्राप्त सुझाव समेतलाई समावेश गरी प्रदेश सरकारले आगामी आर्थिक बर्ष २०८३/०८४ को प्रदेश सरकारको नीति तथा कार्यक्रम तयार गर्ने, प्रदेश र स्थानीय तहका साझा सवालहरुका विषयमा प्रदेश सरकारको नीति तथा कार्यक्रमसँग नीतिगत तादात्म्यता हुने गरी स्थानीय तहले आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्ने।

५. प्रदेश तथा स्थानीय तहले विगत आर्थिक बर्षमा बजेट विनियोजन भई कार्यसम्पन्न हुन नसकेका अधुरा तथा अपुरा आयोजना सम्पन्न गर्ने गरी त्यस्ता आयोजनालाई प्रमुख प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने, प्रदेश सरकारबाट अत्यावश्यक ठानी विनियोजन गरिने दश लाख रुपैंया भन्दा कम रकमका आयोजनाहरु सम्बन्धित स्थानीय तहमा शशर्त अनुदानको रुपमा वित्त हस्तान्तरण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।

६. दिगो विकासका राष्ट्रिय लक्ष्य, नेपाल सरकार र प्रदेश सरकारको आवधिक योजनाले लिएका उद्देश्य र स्थानीय तहले निर्धारण गरेको प्राथमिकता कार्यान्वयनमा सहयोग पुग्ने योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने।

७. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २५ को उपदफा (२) को अधिकार प्रयोग गरी प्रदेश विषयगत मन्त्रालय र स्थानीय तहबीच सहकार्य

र समन्वय गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक व्यवस्था मिलाउने। साथै प्रदेश र स्थानीय तहको समन्वयलाई थप प्रभावकारी वनाउन कानून बमोजिम गठित संयन्त्रहरुको बैठक नियमित रुपमा संचालन गर्ने ।

८. नेपालको संविधान बमोजिम प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार कार्यान्वयनको विषयलाई थप प्रभावकारी र व्यवस्थित गर्न एवं तहगत अन्तरसम्बन्धलाई सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐनको मस्यौदा तयार गरी स्वीकृतिको प्रकृया अगाडी बढाउने।

९. प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका तथा उक्त तहहरुले संकलन गरी बाँडफाट गर्नुपर्ने राजश्व अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था बमोजिम मासिक रुपमा बाँडफाट गरी सम्बन्धित तहको कोषमा जम्मा गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

१०. स्थानीय तहमा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको व्यक्तिगत विवरण अभिलेखन गर्ने कार्यको सुरुवात भएको र सो सम्बन्धी अभिलेखको अनलाईन पोर्टल समेत हस्तान्तरण भई आएकोले स्थानीय तहका कर्मचारीहरुको अभिलेख तोकिएको कागजात सहित अभिलेखनको लागि सम्वन्धित निकायमा पेश गर्ने व्यवस्था मिलाउने।